## नगरसभाको निर्णयहरु :

**३.१ निर्णय नं. १ :**

नगरसभा सदस्य श्री ढाका कुमारी पराजुलीज्यबाट पेश भएको चालु आ.व. ०७४/०७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रम अनुसूचि १, नगरपालिकाको साँगठानिक ढाँचा अनुसूचि २, कर्मचारीको दरबन्दी संरचना अनुसूचि ३, आर्थिक विधेयक २०७४, विनियोजन विधेयक २०७४ एवं जनप्रतिनिधहरुको सेवा सुविधा समेत बजेट कार्यक्रममा समावेश गरी साथै नगर कार्यपालिकाको सेवा प्रवाहमा थप सुधार र प्रभावकारी बनाउन सहयोग पुगोस भन्ने अभिप्रायले नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको लागि मासिक खाईपाई आएको तलबको २८ प्रतिशत थप सुविधा चालु आर्थिक वर्षको शुरु देखि नै दिने गरी नगरसभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

नेपालको संविधानको धारा २१७ बमोजिम न्यायिक समिति गठन सम्बन्धमा नगरसभा सदस्य श्री ढाका कुमारी पराजुलीज्यूबाट पेश गर्नु भएको तपशिल बमोजिम न्यायिक समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

संयोजक : श्री ढाका कुमारी पराजुली
सदस्य : श्री धनमाया वि.क.
सदस्य : श्री कमला गौतम

**निणय नं. ३ :**

कार्यपालिकाबाट नगरमसभामा पेश भएका मंसिर मसान्तसम्मको आम्दानी र खर्च, नगरकार्यपालिकाले हालसम्म गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो । साथै अघिल्लो आ.व. मा प्रारम्भ भै आएका तपशिलका योजना कार्यक्रमको म्याद थप गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | शिर्षक |
|---|---|
| ३ | सिसौली मार्गकालोपत्रे निर्माण उपभोक्ता समिति मिति:२०७४।७।३० सम्म |
| ४ | भगवती मार्ग कालोपत्रे निर्माण उपभोक्ता समिति मिति:२०७४।६।३१ सम्म |
| ५ | जनमार्ग ठाकुने डाँडाबाट कृषि मार्ग करमडाँडा हुदै मिरमिरे मार्ग कालोपत्रे निर्माण मिति:२०७४।६।३१ सम्म |
| ८ | बाल नगरप्रोफाइल निर्माण ( एकिकृत हातेमाले समाजलाई) मिति:२०७४।१२।३० सम्म |

**३.२ विशेष प्रस्ताव सम्बन्धि निर्णयहरु :**

नगरसभा सदस्य श्री घनश्याम गौतमज्यूबाट पेश गर्नु भएको तपशिल बमोजिमको विशेष प्रस्तावहरु स्वीकृत गर्ने निर्णय गरियो ।

१. बेलबारी नगरक्षेत्रबाट बहाव हुने चिसाङ्ग र लोहन्द्रा नदीले नगरका धेरै भुभागहरुलाई नदि कटान र डुवान गरी वार्षिक रुपमा धेरै भौतीक, आर्थिक तथा मानविय क्षति हुने गरेको छ । यीनदिहरुबाट हुने नदि कटानलाई नगरपालिकाको एक्लो प्रयासबाट मात्र समाधान गर्न नसकिने भएकोले उक्त

नदिहरुबाट हुने क्षतिको स्थायी समाधानको निम्ति व्यवस्थित गुरुयोजना तयार गरी कार्यान्वयन गरिदिन हुन नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

२. बेलबारी नगरपालिका क्षेत्रलाई पर्यटकीय गन्तव्य स्थलको रुपमा विकसित गर्न प्राकृतिक र साँस्कृतिक रुपले प्रसस्त संभावना रहेको छ । यहाँको सिमसार क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्न सके पर्यटकहरुको आकर्षक गन्तव्य स्थल बन्न सक्ने भएकोले बेतना सिमसार क्षेत्रको संरक्षरण र पर्यटन पूर्वाधारको विकाससँगै क्षेत्रीय चिडियाखानाको विकासको लागि सहयोग गरि दिन हुन नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

३. नेपाल विविध भाषा, संस्कृति, जातजातीको बसोबास भएकोले यहाँको स्थानीय भाषा र संस्कृतिको विकास र संरक्षण सम्बर्द्धन गर्नको लागि यस नगरको वडा ५ मा अवस्थित ऐतिहासिक तथा पुरातात्विक महत्वको धनपाल गढीको दिगो विकासको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

४. बेलबारी नगरक्षेत्रको मध्य भागमा रहेको हुलाकी मार्गलाई कालोपत्रे र सो मार्गमा रहेकोनदीहरुमा पुल निर्माण गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

५. नगरपालिका क्षेत्र भित्र अव्यवस्थित रुपमा बसोबास गरेका सुकुम्बासीहरुलाई व्यवस्थित बसोबासको प्रबन्धको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

६. २०७४ साल साउन २७ देखि २९ गते सम्म परेको अबिरल वर्षाका कारण बेलबारी ५ स्थितमोरङ सुनसरी आयोजना अर्न्तगत रहेको सिचाई नहरमा क्षतिग्रस भएको लोहन्द्रा नदिकोपुल, सिचाई साइफन निर्माण र सो क्षेत्रको सडक कालोपत्रे निर्माणको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

७. बेलबारी नगरपालिका वडा नं. ८ को राधानगरमा अवस्थित पेट्रोल खाली विगतमा अध्ययनअनुसन्धान भई कार्यान्वयनमा आउन नसकेको हुदाँ यसको वास्तविकता के हो सो को थप अध्ययन अनुसन्धान गरी कार्यान्वयनमा ल्याउन सके राष्ट्रकै आर्थिक सम्बृद्धिको लागी कोशेढंगा सावित हुने हुदाँ उक्त पेट्रोल खानी उत्खननको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।